नेपाल सरकार

नेपाल सरकार
प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, नेपाल

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

## गौरा पर्व, २०८२ को शुभकामना सन्देश

गौरा पर्व, २०८२ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरुमा सुख, समृद्धि, उत्तरोत्तर प्रगति, सु-स्वास्थ्य एवं दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

हरेक वर्ष भाद्र शुक्ल पञ्चमी देखि अष्टमीका दिन सम्म मुख्यतः सुदूरपश्चिम प्रदेशमा विशेष महत्त्वका साथ परापूर्व कालदेखि मनाईदै आइरहेको यस पर्वले नेपालको मौलिक संस्कृति र परम्पराको संरक्षण, सम्वर्द्धन र विकासमा टेवा पुऱ्याउनुका साथै आपसी प्रेम, सद्भावलाई प्रगाढ बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। गौरा पर्वको पहिलो दिन भाद्र शुक्ल पञ्चमीमा महिलाहरूले घरघरमा तामाको भाँडामा बिरूडा (५ प्रकारका अन्न) भिजाएर गौरा पर्वको विधिवत रूपमा सुरुवात गर्दछन् । अष्टमीको दिन व्रत बसेर गौरा पर्व मनाउने स्थल गौरा खला (आँगन) मा पार्वती र शिवको पूजापाठ गर्ने चलन छ । यसै पर्वको अवसरमा स्थानीयहरुले देउडा, धमारी र ढुस्को खेल्दै रमाईलो गर्ने गर्दछन्। साथै घरपरिवारबाट टाढा रहेका आफन्तजनहरु समेत पर्व मनाउन आ-आफ्नो घरमा फर्किने भएकोले पारिवारिक मिलनमा पनि यो पर्वले विशेष महत्व राख्दछ ।

अन्तमा, यस पर्वले सामाजिक सद्भाव सहित सम्पुर्ण नेपालीहरु बीच भावनात्मक एकता र आपसी भाईचारा अभिबृद्धि गर्दै नयाँ उमंग र हौसलाका साथ मुलुकको प्रगतिमा अग्रसर हुने प्रेरणा प्रदान गरोस् भन्ने अपेक्षा सहित पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

२०८२ साल भाद्र १५ गते, आईतवार

नजिर मियाँ
**प्रदेश प्रमुख**

नजिर मियाँ
प्रदेश प्रमुख